# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 21 No 9 Monthly International Edition of Herald of His Coming September 2020
वर्ष २१, अङ्क ९ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (असोज, २०७७)

# विश्वासीहरूको दौड

## The Christian Race

**By J.C. Ryle**

Vol 79 No. 1 (937)

हिब्रूहरूको लेखकले हामी खीष्टियनहरू दौडको बारेमा यसरी भन्दछ् "यसकारण मातेका साक्षीहरूको ठूलो वादले हामीलाई घेरिराखेको हुनाले, हर किसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दोडौं । हाम्रो विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, उहाँको सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं । हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ ।" (हिब्रू १२ : १ - २) विशेष गरेर यो खण्डलाई हामीले निम्न पाँच बुँदामा हेर्नेछौं :-

(१) हामीसँग दौडनका लागि सबै दौडन्छन् ।
(२) हामीभन्दा अगाडि धेरैले यो गरेका छन् ।
(३) हामीले सबै प्रकारको भारलाई अलग राख्नुपर्छ ।
(४) हामी धैर्यतासँग दौडनु पर्छ ।
(५) हामीले निरन्तर येशूतिर हेर्नुपर्छ ।

**(१) हामीसँग दौडनका लागि सबै दौडन्छन्**

हामीले जानी राख्नु पर्ने कुरा यो हो कि हामीले हाम्रो जीवनको दौडाइमा विभिन्न प्रकारका दौडहरू छन् जुन चाहिँ हामी आफैले मात्र कोशिस गरेर पूरा गर्न सक्दैनौं । उहाँको दाहिने बाहुलीले मात्र स्वर्गको ढोका खोल्न सक्दछ । जुनचाहिँ अनन्त जीवनको ढोका हो । क्रूसको दु:खलाई भोग्न र कठिनाइ उठाउनलाई हरेक विश्वासीले आफ्नो सोचाइलाई तयार राख्नुपर्छ । हामीहरूको बीचमा विभिन्न किसिमका आत्माहरू आउने छन् । जुन आत्माहरू झगडालु प्रलोभनमा पार्ने, सबै किसिमका खाँचोहरू, विभिन्न प्रकारका डरहरू र विश्वासघाती हृदयहरू हुनेछन् तिनीहरू सबैको सामना गर्न तयार रहनुपर्छ ।

हामीभन्दा अगाडि धेरैले यो गरेका छन् यस पृथ्वीमा मानिसहरू विभिन्न प्रकारले सेलाएका छन् । उनीहरूले तपाईंहरूलाई विभिन्न प्रकारका गैरशास्त्रीय सल्लाह दिन्छन् । नराम्रा सम्बन्धको बारेमा पूर्ण रूपमा सोचिरहेका हुन्छन् । चारैतिर ठेसलाग्ने कामहरू गर्दछन् । त्यस्तो समयमा तपाईंको निम्ति तिनीहरूलाई प्रार्थना गर्ने मौका हुनसक्छ । त्यसैले तपाईंले वास्तविक इसाई हुन चानचुन कुरा होइन भन्ने बुझ्नु हुनेछ । यहाँ सधैं असल मानिसको निन्दा भइरहेको हुन्छ । उनीहरूले ती व्यक्ति जसले असल गरेका छन् र अनन्त महिमा मिल्नेछन् । के ती व्यक्तिले अनन्त महिमाको निम्ति तपाईंसँग मनोरञ्जनको आत्मा देखाउन तयार छन् । तपाईंलाई यस संसारको व्यापारको बारेमा बताउन बाँकी छ । तर स्वर्गको बारेमा केही पनि छैन । तर सबै इसाईहरूले यो कुरा पूर्णरूपमा विचार गरेका हुन्छन् कि उनीहरूले

स्वर्गीय राज्यको दौड पूर्ण रूपले पूरा गर्नुपर्छ । हामीले यो विचार गरौं कि परमेश्वरको राज्यमा हामीले सुरु गरेको दौडलाई पूर्ण रूपमा विश्वासयोग्य भएर अगाडि बढ्नु पर्छ । जोहरू परमेश्वरबाट बोलाइएका हुन्छन् तिनीहरू ख्रीष्टको निम्ति काम गर्न समय हुँदैन तर संसारका व्यर्थका कामको निम्ति थुप्रै समय बिताएका हुन्छन् । हामी प्रत्येक विश्वासीको एउटै महत्वपूर्ण चाहना भनेको ख्रीष्टले दिनुभएको कार्यलाई आफ्नो जीवनमा पूर्ण रूपले पूरा गर्नु हो । हाम्रा अग्रजहरूले पनि त्यसै गरे ।

**(२) हाम्रो अगाडि यस्ता धेरै भइसके :**

दोस्रो चाहिँ यो हो कि; धेरै मानिसहरू हाम्रो अघि अघि गएका छन् । हामीहरू महान् गवाहीका रूपमा छौं । हाम्रा पुर्खाहरू जो हामीभन्दा अगाडि थिए जुन कुरा हामीले अध्याय ११ मा उल्लेख गरेको पाउँदछौं । प्रेरितहरूले हामीहरूलाई उनीहरूको देखासिकी गर्न लगाउँदछन्, साहस दिँदछन् । हामी माटोको भाँडाजस्तै कमजोर छौं र अशक्त छौं । उनीहरू पनि थिए । के हामी बोझले दबिएका छौं ? के हामी एक्लै छौं ? के हामी छिमेकीको गिल्ला भएका छौं ? तिनीहरू पनि थिए । के हामीसँग क्रूसको मजाक हुन्छ, तिनीहरूसँग पनि हुन्थ्यो । के हामी कष्टमा परेका छौं ? उनीहरू पनि परेका थिए उनीहरूले के सान्त्वना पाए जुन हामी रमाउन सक्दैनौं र ? उनीहरूले आफ्नो परिवारलाई पनि सँगसँगै लिएर परमेश्वरको राज्यमा अगाडि बढे के हामी सक्दैनौं । उनीहरूले संसारको थोकमा मन लगाएनन् आफ्नो हृदयमा परमेश्वरलाई दिए । हाम्रो अग्रजहरूबाट हामीले यो सिक्न सक्छौं कि दौड जहिले पनि इच्छाएको व्यक्तिले मात्र गर्न सक्दछ । उनीहरू पनि हामीजस्तै थिए । उनीहरूले परमेश्वरको प्रशस्त अनुग्रह पाएका थिए । उनीहरूले विश्वासद्वारा नै उनीहरू परमेश्वरका भए । "किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो ।" (हिब्रू ११ : २) विश्वासद्वारा नै उनीहरूले आफूलाई यस पृथ्वीका यात्री सम्झेका थिए, विश्वासद्वारा नै तिनीहरूले राज्यलाई नियन्त्रणमा लिएका थिए । धार्मिकता प्राप्त गरे, सिंहरूको मुख बन्द गरे । आगोको ज्वालामा विजयी भए, तरबारको धारबाट उम्के, लडाईंमा विजयी प्राप्त गरे । मृतकहरूलाई प्रार्थनाद्वारा जीवित पारे । जस-जसले ख्रीष्टको विरोध गरे उनीहरूले मृत्यु चाख्नुपर्‍यो । "जसले विश्वासद्वारा, राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू हासिल गरे, सिंहका मुखहरू थुनिदिए, आगोका ज्वालाहरू निभाए, तरबारका धारहरूबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए । विदेशीहरूका फौजलाई भगाए । स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए । अरुहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे । अरुहरूले गिल्ला कोर्राबाजी बन्धन र कैद पनि भोग्नु पर्‍यो । तिनीहरूलाई ढुङ्गाले हाने । तिनीहरू करौतीले चिरिए । तिनीहरू तरबारले भरिए । भेडा र बाखाका छालाहरू लगाए । कंगाल भई क्लेश र दुःख पाएर तिनीहरू यताउता डुलिरहे ।" (हिब्रू ११ : ३३ - ३७)

हामी ख्रीष्टियनहरू होसियार हुनुपर्छ कि हाम्रो जीवनमा कस्तो प्रकारको दौड दौडिरहेका छौं । संसारको रीतिथितिको दौड दौडिरहेका छौं कि, ख्रीष्टको विचार गरौं । जस्तोसुकै परिस्थितिमा पनि तपाईंले परमेश्वरले दिएको दौडलाई पूरा गर्नेछ भनी प्रण गर्नुभएको छ भने तपाईंलाई कसैले पनि उहाँदेखि टाढा बनाउन सक्दैन वा उहाँको राज्यको निम्ति सुरु गरेको दौड पूरा गर्नलाई रोक्ने छैन । संसारले तपाईंलाई जहिले पनि उहाँको राज्यदेखि आफूतिर खिच्न खोज्दछ । तपाईंले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो कार्यलाई पूरा गर्ने कोशिश गर्नु पर्छ ।

**(३) प्रत्येक भारलाई अलग राख्नु-**

हामीले विचार गर्नु पर्ने तेस्रो बुँदाचाहिँ प्रेरितको सल्लाह हो । यसको अर्थ यो हो कि हामीले हाम्रो आत्मालाई चोट पुर्‍याउने सबै कुरालाई त्याग्नुपर्दछ । हामीले शरीरमा पनि सांसारिक दौड दौडनका निम्ति तयारी भएजस्तै लामो र अल्झाउने प्रकारका सबै कपडालाई फालेर छोटो, सजिलो र छरितो कपडा लगाएर दौडनलाई जान्छौं त्यस्तै हाम्रो आत्मिक जीवनमा पनि शरीरको अभिलाषा आँखाको अभिलाषा जीवनको गौरव जसले स्वर्गको बाटोमा हामीलाई बाधा पुर्‍याउँदछन् । हामीले त्यस्तै सबै थोकलाई त्याग्नु पर्छ । धन, सुख, विलास र सामानको प्रेम, लुप्तपन र लापरवाहीको भावना र परमेश्वरको कुराको बारेमा उदासीनता सबै प्रकारका जरालाई हटाउनु पर्छ । यदि हामी साँच्चै नै सिंहासनको निम्ति पुरस्कारको चाहना राख्दछौं भने सबै यस्ता थोकहरूलाई त्याग्नु पर्छ । हामीले सांसारिक कार्यलाई छोडेर स्वर्गीय कार्यलाई महत्व दिनुपर्छ । हामीले हाम्रो बानीहरूलाई पूर्ण रूपमा परिवर्तन गर्नुपर्छ । संसारका सबै थोकहरूलाई क्रूसमा टाँग्नुपर्छ । हाम्रा

बानी, झुकाव र रोजगारीमा पनि राम्ररी विचार पुऱ्याएर गर्नु पर्दछ । यदि यसले हाम्रो मुक्तिलाई बाधा ल्याउँदछ भने त्याग्न सक्नु पर्छ यदि यसले हामीलाई बाधा दियो भने पूर्ण रूपमा बाहिर फाल्न सक्नुपर्छ । हाम्रो आँखा, हात, खुट्टा सबै दौड दौडन योग्यको हुनु पर्छ ।

तर सबैभन्दा महत्वपूर्ण कुरा के हो भने हामीले हामीभित्र भएको पापलाई हटाउनु पर्छ । मलाई दुईवटा सबभन्दा ठूलो पापनको याद आउँदछ, त्यो हो घमण्ड र अविश्वास । जुन मानिसले अरु इसाईभन्दा म ठूलो हो, राम्रो हो । आफ्नो प्रतिष्ठामा गर्व गर्ने आध्यात्मिक गर्व गर्ने जति पनि आफूमा घमण्डको गर्व गरेर अरुलाई कुनै किसिमको सथन दिन नसक्ने र अर्को चाहिँ अविश्वास हो जुन चाहिँ परमेश्वरको कृपाको बारेमा ऊ जहिले पनि अवविश्वास गर्दछ । अरुले गरेको ईश्वरीय कार्यलाई पनि विश्वास गर्न नसक्ने उनीहरूलाई जहिले पनि कमजोर सम्झने । तर केही खास पापहरू छन् जसको बारेमा कस्को के कमजोरी छ, उसैले लेखा दिनु पर्छ । हरेक मानिसको कमजोरीलाई शैतानले मौका लिन्छ कुन पापले तपाईंलाइ धेरै भारी बनाएको छ त्यसलाई पत्ता लगाएर छोड्नु पर्छ । संसारमा भएका थोकले तपाईंलाई परीक्षामा पार्न सक्छ । जस्तै एक जना लोभको पासोमा, अर्को मद्यपानको पासोमा, अर्को कुकर्मले छोपेको छ । अर्कोलाई डाहाले छापेको छ, अर्कोलाई अल्छीपनाले छोपेको छ र अर्कोलाई सांसारिक शक्तिले छोपेको छ । तर हामीले यी सबैबाट विस्तारै छुटकारा पाउनको निम्ति काम गर्नुपर्छ । प्रार्थना साथै क्रियाकलापमा पनि परिवर्तन ल्याउँदै जानु पर्छ । अन्यथा उसले कहिल्यै पनि दौड दौडनलाई तयार हुँदैन । यी सबै प्रकारका पापमा मानिसहरू फसेका हुन्छन् । ईश्वरीय निन्दातिर लागेका हुन्छन् । उनीहरूलाई विस्तारै कुमार्गबाट ईश्वरीय मार्गमा डोऱ्याउनु पर्छ । यी कार्य गर्नको निम्ति हामीलाई सजिलो छैन । यस्ता प्रकारका भार उठाउनलाई पनि हामी तयार रहनु पर्छ । अदनको बगैंचामा सबैभन्दा पहिलो पाप प्रवेश गर्दा उनीहरूलाई यो पाप हो भन्ने नै थाहा थिएन पछि मात्र उनीहरूले पत्ता लगाए कि पाप रहेछ भनेर ।

तपाईंहरूले पूर्ण रूपमा एकान्त कोठामा गएर परमेश्वरसँग बसेर पापको बारेमा खोजी गर्नुहोस् कि जुन पापले तपाईंलाई परमेश्वरको राज्यमा जानलाई रोक्दैछ । जब तपाईंले आफ्नो जीवनमा जुन पापले आफ्नो स्वर्गीय दौडलाई पूरा गर्नलाई रोक्ने तत्वलाई निकाल्नुसु र स्वतन्त्र हुनुहोस् । स्वर्गीय बाटोमा विभिन्न पूकारका काँडाहरूले रोक्न खोजेका हुन्छन्, ती सबैलाई हटाउँदै अगाडि बढ्नु पर्छ । यी समस्याबाट पार लगाउन हामीलाई हाम्रो जीवनमा ठूलो भार उठाउनु पर्छ । त्यसैले हामी यसको लागि तयार रहनु पर्छ ।

**(४) हामी धैर्यसँग दौडिनु पर्छ**

चौथो बुँदा चाहिँ हाम्रो मनलाई पूर्ण रूपमा तयार बनाउनु पर्छ । जुन तयारीका साथ हामी दौडनु पर्छ । धैर्यताको अर्थ भनेको नम्र र सन्तुष्ट आत्मा हुनु हो । हाम्रो विश्वास वास्तविक जीवित विश्वास हो । सबै कुराले हाम्रो भलाईको काम गरिरहेको हुन्छ । हाम्रो जीवनमा आउने हरेक कार्यले नतिजा ल्याएको हुन्छ यदि कुनै पनि कार्यको पछाडि परमेश्वरको योजना छ । योजना पूरा हुने समयसम्म म धैर्य बस्नु पर्छ भन्ने सोच्नु पर्छ । हाम्रो जीवनमा विभिन्न किसिमका थकान, परीक्षा, निराशपन आउन सक्दछ । त्यो समयमा पनि हामी धैर्य गर्नु पर्छ । यसबाट पनि परमेश्वरले केही गर्न चाहनुहुन्छ । कहिलेकाहीँ हामीलाई विभिन्न किसिमका आत्माले दुःख दिन सक्छ तर हामी लामो समय उजाड स्थानमा रहनु पर्ला तर फर्केर मिश्र जानु हुँदैन । कसैले प्रतिज्ञाको देशको बारेमा नकारात्मक कुरा ल्याइदिन्छ होला तर निराश होइन आशा लिनु पर्छ । किनकि हाम्रो यात्रा लामो छ । यात्रामा लामो मरुभूमि पार गरेर मात्र प्रतिज्ञाको देशमा पुग्न सकिन्छ । त्यसैले हामीले धैर्यपूर्वक यात्रा गररहनु पर्छ । जब हामीले बाटामा विभिन्न प्रकारका ताडनाहरू पाउँदछौँ तब हामीले निराश हुँदैनौं । बरु हामी यसको भन्दछौँ कि “उहाँ परमेश्वर हुनुहुन्छ, उहाँको दृष्टिमा जे कुरा ठीक छ सो गरुन् ।” (१ शमूएल ३ : १८)

मोशालाई हेर्नुहोस्, “जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे । पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पनि तिनले रोजे । मिश्रदेशको धनसम्पत्तिभन्दा खीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने किनभने तिनले आफ्नो दृष्टि इमान्दारतिर लगाएका थिए । राजाको क्रोधसँग नडराएर विश्वासद्वारा तिनले मिश्र देश छाडे किनकि अदृश्य हुनुहुनेलाई देखेझैं

गरी तिनी स्थिर रहे ।" (हिब्रू ११ : २४ - २७) अर्को अय्यूबलाई पनि हेर्न सक्छौं, "अय्यूबले भुईंमा घोप्टो परेर दण्डवत गरी भने, म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु । परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस् । अय्यूबले जबाफ दिए, तिमी एक मूर्ख आइमाई जस्तै कुरा गर्दछ्यौ । परमेश्वरबाट हामीले सुखचाहिँ ग्रह गर्ने र दु:ख ग्रहण नगर्ने ? यी सबै कुरामा आफूले बोलेको कुरामा अय्यूबले पाप गरेनन् ।" (अय्यूब १ : २१, २ : १०)

दाउदलाई हेर्नुहोस्, जब परमेश्वरको आत्मा मानिसमा हुन्छ तब उनीहरू अभिशेष भएका हुन्छन् कसैले पनि उनीहरूलाई विपत्ती ल्याउन पाउँदैनन्, किनकि शाऊलको हातबाट कति धेरै वर्ष उनी लुक्नु परेको थियो । उनको परिवारले उनलाई काटी सतावट दिए । उनी आफ्नै छोराबाट पनि भागिरहेका थिए । "दाउदले अबिशै र आफ्ना सबै अधिकारीहरूलाई भने, यदि मेरो छोरो, मेरो आफ्नै छोराले मलाई मार्न खोज्छ भने यस बेन्यामिनी त के कुरा गर्नु ? त्यसलाई छोडिदेओ । त्यसले सरापोस् । किनभने परमप्रभुले नै त्यसलाई त्यसो गर्न भन्नुभएको होला । सायद आजको दिन मलाई यो सरापेको सट्टा परमप्रभुले मेरो कष्ट हेर्नु हुनेछ र मलाई आशिष दिनुहुनेछ ।" (२ शमूएल १६ : ११ - १२) याद गर्नुहोस् जब तपाईंले दाउदका भजनहरू पढ्नुहुन्छ उनले हरेका ठाउँमा प्रत्येक इसाईले परमेश्वरको अनुग्रहलाई प्राप्त गर्न सक्नुहुन्छ भनेर अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

अन्तमा तपाईंहरूले ध्यान प्रभु येशूतिर लगाउनु होस् भन्दछु कि, पत्रुसले भन्दछन् खीष्टले हामीलाई एउटा उदाहरण छोड्नुभयो कि हामीले उहाँको पाइला पछ्याउन सकौं । जसको मुखमा कुनै छल थिएन जसले गाली सहनुभयो तर गाली गर्नु भएन । जब उहाँ कष्टमा पर्नुभयो उहाँले कसैलाई पनि धम्काउन भएन । बाइबलले यसरी भन्दछ, "किनकि यसैको निम्ति तिमी बोलाइएका हौं । खीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नभयो अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो र तिमीहरू उहाँकै पाइलामा हिँड्नु पर्दछ । उहाँले कुनै पाप गर्नुभएन र उहाँको मुखमा कुनै छलको कुरा पाइएन ।" (१ पत्रुस २ : २१ - २२) पावलले पनि यसरी भन्दछन् कि पापीहरूको विरोधसभालाई सहनु हुनेलाई हेर्नुहोस् नत्र त तिमीहरू दिक्क हुनेछौ र तिमीहरूको दिमाग वाक्क हुने छ । "पापहरूबाट उहाँको विरुद्धमा भउका यत्तिका विवादहरू सहनु हुनेलाई विचार गर र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ । पापको विरुद्धमा तिमीहरूले गरेका संघर्षमा रगत बगाउनु पर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौं । के तिमीहरूले अतितका ती वचन भुलेका छौ जसले तिमीहरूलाई पुत्रहरू भनी सम्बोधन गरेको छ । हे मेरो पुत्र परमप्रभुको ताडनलाई हलुका नसम्फ, उहाँबाटको दण्डमा हरेस नखाऊ, किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ । त्यसैले ताडना दिनुहुन्छ र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ ।" (हिब्रू १२ : ३ - ६)

त्यसैले ए प्रियहरू हो, हामी हाम्रो दाडलाई धैर्यतासँग दौडिनु पर्छ । जबसम्म हामीले धैर्यतालाई विशेषता दिँदैनौं हामी हाम्रो कार्यमा फेल खान सक्छौं । हाम्रो शरीरले छिटो चाहन्छ तर हामी धैर्य गरेर लामो समय पर्खन सक्नु पर्छ तब हामीले दौडलाई पूरा गरी पुरस्कार प्राप्त गर्न सक्छौं । परमेश्वरको इच्छालाई हामीले पूरा गर्न सक्छौं । सायद हामीले यस पृथ्वीमा इनाम पाउन नसकौंला तर स्वगएको निम्ति आशा राख्नु पर्छ । आज हामीलाई दु:खकष्ट हो भने भोलि हाम्रो निम्ति त्यो मुकुट हो । आज श्रम हो भने भोलि ज्याला हो । आज रोप्ने समय भने भोलि कटनी गर्ने समय हो । आज रुँदै छौ भने भोलि आनन्द हुनेछ । आजको आयु कम्तिमा सत्तरी वर्ष र दस वर्ष हो तर भोलि अनन्त सम्म हो । त्यसैले प्रिय हो, धैर्य गर्नुहोस् र आशा गर्नुहोस् ।

**(५) लगातार येशूतिर हेर्नु पर्छ-** अन्तिम बुँदाचाहिँ यो पाठको महत्वपूर्ण बुँदा हो । यो बुँदाचाहिँ यस्तो हो कि जसमा हामीले हाम्रो आँखालाई लगातार येशूमा लगाउनु पर्छ । हामीले आफ्नो दौडलाई येशूलाई हेरेर दौडनु पर्छ । हामीले हाम्रो मुक्तिको निम्ति उहाँमा भर परेर दौडनु पर्छ । हाम्रो परिश्रमलाई त्यागेर कमजोरीहरूलाई बिर्से पूर्ण रूपमा आरा मगर्दै सिद्ध धार्मिकता हाम्रो दौडलाई अगाडि बढाउनु पर्छ । यसको गर्‍यौं भने भविष्यमा हामी अज्ञानतामा रहन्छौं कि भन्ने डर मान्नु पर्दैन । हामीले केवल परमेश्वरको थुमालाई मात्र देख्न सक्छौं जसले संसारको पापलाई उठाई लानु

भयो र हाम्रा पापमा निम्ति उहाँले दुःख, पीडा सहनुभयो र फेरि चाँडै नै हामीलाई उहाँ लिन आउनेछु भन्ने आशा दिनुभयो। हामीले उहाँको अगाडि निष्खोट र दोषरहित भएर आफैले आफैलाई प्रस्तुत गर्न सकौं। त्यसपछि मात्र हामीले दौडलाई अगाडि बढाउनु पर्छ। येशूलाई हाम्रो जीवनको उदाहरण बनाउने र परमेश्वरको पुत्र कति धेरै नम्र भएर हाम्रो निम्ति आज्ञाकारी बन्नुभयो। हामी पनि उहाँको प्रेममा आत्माहरूको लागि जोश उमङ्गसहित नम्र भएर परमेश्वरलाई इन्कार गर्ने अशुद्ध आत्मालाई इन्कार गर्दै शुद्धता, विश्वास, धैर्यता, प्रार्थनाको जीवन जीउँदै हामी उहाँलाई हेर्दै दिनहुँ उहाँजस्तो हुने कोशिस गर्नु पर्छ। त्यसपछि हामी हाम्रो दौड अगाडि बढाउँदा असफल हुन सक्छौं। हामी हाम्रा प्रभुलाई धन्यवाद दिनु पर्दछ कि उहाँको आगमनलाई पर्खँदै, प्रार्थनाका साथै धैर्यतालाई अपनाएर उहाँको आगमनलाई पर्खँदै, प्रार्थनाका साथै धैर्यतालाई अपनाएर उहाँको राज्यको निम्ति सधैं हामी उहाँलाई खोज्ने नम्र हृदय बनाएर दोस्रो पटक ख्रीष्टको आगमनमा पाप बिना मुक्तिको लागि देखा पर्ने असल चेला बन्न सकौं। घिनलाग्दा शरीरका पापहरू आँखा झिम्किए जत्तिकै छिटो भेटिने छन् र उहाँको महिमीत शरीर झैं हामी महिमीत हुनेछौं र प्रभुसँग सदासर्वदा रहनेछौं। जसले येशूलाई सिधा हेर्दाहेर्दै आफ्नो दौडलाई अगाडि बढाउँदै विभिन्न किसिमका बादलहरूलाई छेड्दै मानिसहरूलाई परमेश्वरको वचनको आज्ञामा प्रवेश गराउँदै लैजाने व्यक्तिहरू आदरणीय हुन्छन्। एक जना पापी नाश हुने ठाउँमा ख्रीष्ट येशू आफूनै सिध्दिएर उसलाई बचाउनु भयो। तपाईंहरू आफ्नो जगलाई के माथि निर्माण गर्नुभएको छ ? पृथ्वीको चट्टानमाथि वा स्वर्गको राज्यमा। हुन सक्छ भने आगोले खाने, कीराले नष्ट पार्ने यस्ता प्रकारका थोकमाथि भरोसा नगर्नुहोस्।

आफूले आफूलाई नम्र पारेर प्रकृतिमा रहेका विकृति र दयनीय साथै गरिब, अन्धा र नग्नहरूलाई सहारा दिई आफ्ना विगतका अपराधहरूलाई प्रायश्चित गर्दै विवाहको पोसाकमा सजिएर येशूलाई धैर्यताका साथ पर्खनु पर्छ र आफ्नो भारलाई आफ्नो काँधमा बोकेर आफ्नो मार्ग स्पष्टसँग देखाउँदै अगाडि दौडलाई दौडाउनु पर्छ। यो नसोच्नुहोस् कि तपाईंसँग केही चीज छ जसले तपाईंको यात्रालाई अरुको भन्दा गाह्रो बनाउँदा परमेश्वरका दाहिने बाहुलीतिर रहेका सन्तहरू कष्टका माध्यमद्वारा सिद्ध भएका थिए। तपाईंले पनि धैर्यताका साथ आफ्नो दौडलाई अगाडि बढाउनुहोस्। परमेश्वरको सुरक्षा तपाईंसँग रहनेछ। तपाईंको पार्थिव शरीरसँग सावधान रहनुहोस् र हृदयलाई नजिकबाट जाँच्नुहोस्। विना इर्ष्या प्रार्थनासहित पश्चाताप गरेर हृदयलाई सफा पार्नुहोस् र परमेश्वरको आशिषलाई याद गर्नुहोस्। पत्रुसले समुन्द्रमा पानीमाथि हिँड्दै गर्दा जबसम्म उनले आफ्ना आँखा येशूमा लगाए। उनी लगातार पानीमाथि हिँडिरहेका थिए। जब उनले आफ्ना आँखा येशूबाट निकाले उनलाई थाहा भयो कि म त पानीमा हिँडिरहेको छु तब उनी डराए र डुब्न थाले। जब मानिसहरू हिम्मतका साथ येशूलाई आफ्नो आँखाको केन्द्रबिन्दु बनाएर काम गर्न थाल्दछन्, उनीहरू सफल हुँदछन् तर त्यही ठाउँमा फेरि कोही भ्रष्टाचारीहरू भित्र पस्छन् जसको आँखा येशूमा थियो र सफल भएको थियो, त्यो व्यक्तिलाई आफूतिर खिच्दछन्। त्यही समयमा शैतानले फाइदा लिइहाल्छ र हाम्रो आत्मालाई डुबाइदिन्छ।

आफ्नो आँखालाई ख्रीष्टमा स्थिर राख्नुहोस् र तपाईं आगो र पानीबाट भएर जाँदा पनि तिनीहरूले तपाईंलाई केही धनी गर्दैनन्। के तपाईं प्रलोभनमा हुनुहुन्छ ? त्यतिबेला येशूलाई हेर्नुहोस्। के तपाईं दुःखी हुनुहुन्छ ? येशूलाई हेर्नुहोस्। के सबैलाई तपाईंलाई घृणा गर्छन् ? येशूलाई हेर्नुहोस्। के तपाईंका साथीहरूले प्रभुलाई छाडेका छन् र तपाईंलाई तिनीहरूले खराब कुरा गर्दछन् ? येशूलाई हेर्नुहोस्। कहिल्यै नसोच्नुहोस् म आफै निको पार्छु। हरेक काम गर्नको लागि हाम्रो आँखा येशूतिर फर्काउनु पर्छ। त्यसपछि हामीलाई सान्त्वना मिल्दछ। शैतान सधैं भ्रममा हुन्छ। जब हामी कमजोर हुन्छौं त्यो शक्तिशाली भएर आउँछ। उसलाई जित्नको लागि हाम्रो आँखा ख्रीष्टमा लगाउनु पर्छ। चाहे हामी सहरमा हौं वा गाउँमा, स्वस्थमा रहौं वा बिरामी अवस्थामा, आनन्दमा रहौं वा शोकमा, युवा अवस्थामा हौं वा वृद्धमा, धनीमा हौं वा गरिबमा, जीवनमा हौं वा मृत्युमा, हरेक अवस्थामा हामीले येशू ख्रीष्टमा हाम्रो जीवनको मालिक बनाउनु पर्दछ।

# बाइबल कसरी अध्ययन गर्ने

## How to Read the Bilble

Vol. 79 No 1(930)

By. F.B. Meyer (1847 – 1921)

मेरो व्यक्तिगत विचारमा भन्नुहुन्छ भने संसारका सम्पूर्ण विश्‍वासीहरूले बाइबल अध्ययन गर्दछन् । व्यक्तिगत बाइबल अध्ययन वा एकान्त समयमा पढिएको बाइबल अध्ययनले अरु कुनै पनि स्थान लिन सक्दैन । हुन त हामी बालसंगति, दिदी बहिनी संगति, पत्र पत्रिका, वाट पनि उहाँको वचन अध्ययन गरिरहेका हुन्छौं ।

हाम्रा दैनिक बाइबल अध्ययनद्वारा ख्रीष्टको अनुग्रहमा बढ्दै जान सक्छौं । परमेश्‍वरको वचन जीवनको रोटि हो । यदि तपाईंलाई भोक लाग्दैन र तपाईंलाई रोटि खान मन लाग्दैन भने पक्कै पनि तपाईंलाई विसन्चो भएको हुनुपर्दछ । त्यसैले हरेक स्वस्थ विस्वासीहरूले दैनिक रूपमा रोटी खानु पर्दछ । तर तपाईं विरामी हुनुहुन्छ भने झन पोशिलो खाना खानुपर्ने हुन्छ, रोटी खादै छाड्नु भयो भने त रोगले झन च्याप्छ र तपाईं गम्भिर खतरामा पर्न सक्नुहुन्छ ।

कति मानिसहरूले ठिक प्रकारले रोटी खान नजानेर रोगलाई निम्त्याउँछन् । यो छोटो पाठमा मैले यहाँहरूलाई कसरी रोटि खाने वा बाइबल अध्ययन गर्ने वारेमा अतिनै साधारण तरिकाहरू बताउँदै छु । म आशा गर्दछु यो पाठबाट तपाईंले अवश्य पनि एउटा नयाँ कुरा सिक्नु हुनेछ र ठिक प्रकारले परमेश्‍वरको वचत अध्ययन गर्न सिक्नुहुनेछ ।

**बाइबल अध्ययनको लागि समय छुट्याउनुहोस् ।**

परमेश्‍वरको वचत सिक्न एउटा निश्‍चित समय भएको अति नै राम्रो हुन्छ । तपाईंले कसैलाई भेट्नु पऱ्यो भने निश्‍चित समय निकाल्नु हुन्छ होइन र ? हो परमेश्‍वरलाई भेट्न पनि त्यस्तै समय चाहिन्छ । विहानको समय परमेश्‍वरको वचन अध्ययन गर्न अतिनै राम्रो समय हो, तर पनि तपाईंले जुनसुकै समय पनि छुट्याउन सक्नुहुन्छ । उदाहरणको लागि हामीलाई कसैले चिठ्ठीहरू पठाएको छ भने त्यसलाई हेर्न हामी कति उत्साहित हुन्छे । अरु कुरामा ध्यान नै दिदैनौं, कति पटक त्यो चिठ्ठी पढेपछि हामी रुन्छौ, हाँस्छौ, यस्तो लाग्छ की यो चिठ्ठी अति लामो भए कति राम्रो हुने थियो होला ? हो, यस्तै परमेश्‍वरको वचत अध्ययन गर्न पनि निश्‍चित ठाउँमा गएर उत्साहका साथ पढ्नुपर्छ । परमेश्‍वरको वचन त औषधी जस्तै हो, जसलाई प्रयोग गर्नाले विरामीहरू निको हुन्छन् । बिहानमा बाइबल पढ्ने कुरालाई मैले अझै एउटा उदाहरण दिन चाहन्छु । जस्तो कि बिहानमा शीतको थोपा पृथ्वीमा कस्तो गरि टलक्कै टल्किएको हुन्छ तर अलि अवेला भए पछि त घामको कारणले सुकिहाल्छ ति त्यसरी नै बिहानै बाइबल पढ्ने बानी पार्नुभयो भने तपाईं स्वच्छ हुनुहुन्छ । तर घाम अलि बढेपछि भने पग्लिएर जान्छ यो कुरा याद गर्नु । विचार गर्नुहोस् तर इस्राएलीहरू उजाड स्थानको यात्रामा हिँड्दा “मन्ना” कति बजे आउँथ्यो बिहानै होइन र ? हो परमेश्‍वरको वचन पनि “मन्ना” हो जसलाई बिहानै खानु पर्छ ।

त्यसैकारणले हामीले बिहानको खाजा खानुभन्दा आधा घण्टा अगाडि बाइबल अध्ययन समय निकाल्नु राम्रो हो । बाइबल यस्तो पुस्तक हो तपाईंले जति अध्ययन गर्नु हुन्छ उति नै रस प्राप्त हुन्छ । कति मानिसहरूले बाइबल हतार हतारमा पढ्छन त्यसैले रस पाउँदैनन् ।

**पवित्र आत्माको अगुवाई खोज्नुहोस्**

बाइबल लेखक ले जसरी लेखेका थिए त्यसरी नै हामीले बाइबललाई अनुवाद गर्न सक्दैनौं । त्यसकारणको लेखकले भनेको कुरालाई बुझ्नको लागि तपाईंलाई एक मध्यस्थ चाहिन्छ । उहाँको नाम पवित्र आत्मा हो । उहाँले नै तपाईंलाई ठिक प्रकारले बुझ्नको लागि प्रेरणा दिनु पर्दछ । जब तपाईंले परमेश्‍वरको वचन खोल्नु हुन्छ एक छिन पर्खनु होस् र माथि आँखा उचाल्नुहोस् भन्नुहोस् “प्रभु मेरा आँखाहरू खोलिदिनुहोस् ।” बाइबलले भन्दछ मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ ।” (भजनसंग्रह ११९ :१८) “...परमप्रभु भन्नुहोस् तपाईंको दाशले सुन्दैछ ।” (१ शमूएल ३:९)

**नियमित बाइबल पढ्ने बानी बसालौं**

**तरिकाबद्ध प्रकारले बाइबल पढ्नुहोस्**

बाइबल अध्ययन गर्दा जता मन लाग्यो त्यतै खोल्नु र पढ्नु हुँदैन धेरै बाइबल पढ्न भन्दा बुझेर तरिका मिलाएर पढ्नु पर्छ। दैनिक भक्ति र आराधनाको लागि भजनसंग्रहको पुस्तक पढ्नु पर्छ । हितोपदेशको पुस्तकले तपाईंलाई तपाईंको अरुहरू संगको सम्बन्ध देखाउँछ । नयाँ करारमा पावलका पात्रहरूले विभिन्न सिद्धान्त र सुसमाचारका पुस्तकहरूले येशूको जीवनी थाहा पाउन सकिन्छ । क्रमैसँग पढ्ने विषयमा अरु साना तिना पुस्तिकाहरू पनि सहायताको लागि लिन सक्नु हुन्छ ।

**तपाईंको हातमा कापि कलम र बाइबल होस्**

फ्रान्सिस आर. हाभर्गल की बहिनीले आफ्नो बाइबल अध्ययनको बारेमा यसो भनेकी छन् "म दैनिक रूपमा बिहान सात बजे उठेर आठ बजेसम्म बाइबल अध्ययन गर्दछु। कहिले काँही एक दमै जाडो भएको बेलामा आगोमा खुट्टा तताउँदै बाइबल, जब म साँचो रूपमा बाइबल अध्ययन गर्दछु मलाई जाडो हराउँदै गएको महसुस गरेकी छु।"

उनी विहानै उठेर पहिलो प्राथमिकता परमेश्वरलाई दिने गर्थिन बाइबल अध्ययन गर्दा जुन पदले छुन्छ त्यसलाई हातमा भएको कलमले रेखाङ्कन गर्दथिन र पछि त्यसलाई पढ्न सजिलो हुने थियो ।

**महत्वपूर्ण कुराहरू दोहोऱ्याउन सक्नु हुनेछ**

बाइबल अध्ययन गर्दै गर्दा कपिमा के बुझ्नुभयो लेख्न पनि सक्नुहुन्छ, त्यसो गर्दा कति गते परमेश्वरले के बोल्नु भयो लेख्न सक्नुहुन्छ। त्यो खण्डलाई अरुसँग बाँड्न पनि सक्नुहुन्छ। जसले गर्दा अरुलाई आशिष हुन सक्छ। तपाईंले अध्ययन गरेका सामग्रीहरू तपाईंको जीवन सिद्धिए पछि पनि अर्को पुस्ताले अध्ययन गर्नेछन् ।

**व्यक्तिगत निर्माणको लागि बाइबल पढ्नुहोस्**

बाइबल अरुको लागि पढ्न हुँदैन । सबैभन्दा पहिलो आफ्नै लागि त्यसबाट पाएको आशिष मात्र अरुहरूको लागि हो । बाइबल बाट आउने सबै प्रकाशहरू तपाईंको हृदय केन्द्रित हुनुपर्छ। यो पद वा खण्डबाट मेरो जीवनसुरु हुदैछ भनी मनमा राख्नुपर्दछ।

अध्ययन गर्ने काम कहिलै पनि सकिदैन । तपाईंले साँचो प्रकारले अध्ययन गरेको कुराले तपाईंलाई मार्ग दर्शन गर्दछ । परमेश्वरको वचनले तपाईंले सोचेको भन्दा फरक प्रकारले तपाईंलाई निर्माण गर्दछ । तपाईंको जीवन परिवर्तन हुनेछ । तपाईंले अगुवाई प्राप्त गर्न सक्नुहुन्छ तपाईंले राम्रो सँग बुझेपछि मात्र यो आशिष अरुहरूको लागि पनि हो । पहिलो श्रोता तपाईं अनि मात्र अरुहरू ।

**अन्त्यमा प्रार्थना गरेर परमेश्वरलाई धन्यवाद दिनुहोस्**

यदि स्वर्गीय आशिष तपाईंको जीवनमा आउन खोजेको छ भने तपाईं खुल्ला हुनुहोस् । तपाईंले लेखेको र सोचेको कुरा  तपाईंको नगद प्राप्त गर्न चेक जस्तै हो भन्ने सोच्नुपर्दछ । जसरी धनुकाँड हान्ने मानिसले तारोलाई ताक्छ त्यसरी नै तपाईंले आफ्ना प्रार्थनाका विषयहरू परमेश्वर तिर फर्काउनु पर्दछ ।

**हरेक कुरामा परमेश्वरलाई धन्यवाद दिनुहोस्**

परमेश्वरको वचन अध्ययन गरेपछि यसलाई प्रयोगमा ल्याउनु अति नै आवश्यक कुरा हो । धेरै मानिसहरूले पढ्नको लागि मात्र पढ्दछन् । हामी व्यवहारीक विश्वासी हुनु पर्दछ र जीवनबाट अरुहरूलाई ख्रीष्ट देखाउनु पर्दछ । ख्रीष्टलाई दैनिक रूपमा भेट्ने प्रसार गर्नुपर्छ । तपाईंको घर बाइबल अध्ययनको घर बनोस् । परिवार सँग सँगै वसेर पनि तपाईंले बाइबल अध्ययन गर्न सक्नुहुन्छ ।

यसरी परमेश्वरले तपाईंलाई प्रसस्त आशिष दिनुहुनेछ ।

**विशेष धन्यवाद**

**पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

**स्थानीय वितरक**

**रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, सी.बी. लोप्चन, काठमाडौँ, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौँ ।**

**BOOKPOST**

# पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 01- 4382442**

**Published by: Gospel Revival Inc.** **(all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**